नदीजन्य पदार्थको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

(तेस्रो पटक प्रकाशित मिति २०८३।०७।१०)

आ.व. २०८२।०८३ मा दहत्तर बहत्तरको ठेक्काबाट शुन्य हुन नसकेको नदीजन्य पदार्थको मौज्दात बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्ने थाहा नगर कार्यपालिकाको मिति २०८३।०६।०१ गतेको बैठकबाट निर्णय भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र बोलपत्र खरीद गरी (सो दिन सार्वजनिक विदा पर्न गएमा बिदाको भोलिपल्ट) ८ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| क्र.स. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | लिलाम बिक्रिको परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (भ्याट सहित) | धरौटी रकम | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | २/२०८३/०८४ | पालुङ क्षेत्रको नदीजन्य पदार्थको लिलाम बिक्रि | ४,१६,८८०.८६ | ३२,९७,५२७.६० (बत्तिस लाख सन्तानब्बे हजार पाँच सय सत्ताइस रुपैया साठी पैसा) | कबोल अंकको ५% | ३०००।०० |

शर्तहरु :

१) बोलपत्र सम्बन्धी कागजातः लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको सम्पूर्ण विषय लागु हुनेछ। बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नु पर्नेछ ।

२) बोलपत्रसाथ आफुले कबोल गरेको रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक पालुङ शाखामा रहेको धरौटी खाता नं. ०५०८४०११५५७३८०३० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

३) बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनुपर्नेछ । साथै बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४) खरीद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताहरुले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण,

प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

५) एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने ८ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस थाहा नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

७) लिलाम बिक्रीको सम्झौता बमोजमको रकम एकमुष्ट कार्यालयमा नगद वा चेक पेश गर्नु पर्नेछ ।

८) तोकिएको म्यादभित्र सामान उठाइ नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइटwww.thahamun.gov.np मा समेत हेर्न सकिनेछ ।)